नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

## (वातावरण तथा विपद व्यवस्थापन शाखा)

फोननं. ४२००४८२
४२००५३१
Website: www.mofald.gov.np
Email:cdms.mofaga@gmail.com

प.सं.:-२०७४/७५
च.नं.:-९२६

सिंहदरबार, काठमाण्डौ।
मिति २०७५\०९\२४

श्री जिल्ला समन्वय समितिहरु (सबै)

विषय: भूकम्प सुरक्षा दिवस, २०७५ मनाउने सम्बन्धमा ।

गृह मन्त्रालयको च.न.२२५, मिति २०७५\०९\१६ को पत्रसाथ प्राप्त भूकम्प सुरक्षा दिवस, मूल समारोह समितिको मिति २०७५ पौष १३ गतेको वैठकको निर्णयहरु यसैसाथ संलग्न छ । पत्रमा उल्लेखित नारा सहित सबै जिल्लामा प्रमुख जिल्ला अधिकारीको समन्वयमा भूकम्प सुरक्षा दिवस भव्यताका साथ मनाउनुहुन निर्देशानुसार अनुरोध छ ।

सीता दुवाडी

शाखा अधिकृत

**वोधार्थ :**

श्री सूचना तथा प्रविधि शाखा - प्रस्तुत पत्र मन्त्रालयको website मा upload गरिदिनुहुन ।

९०२६ योविसमसं


नेपाल सरकार

# गृह मन्त्रालय

(विपद् अध्ययन, जोखिम न्यूनीकरण तथा पुनर्लाभ शाखा)

फोन : ९७७-०१-४२११२११
९७७-०१-४२११२००
७-०१-४२११२८२
फ्याक्स: ९७७-०१-४२११२००
इमेल disaster@moha.gov.np


पत्र संख्या: ०७५/७६
प्राप्त पत्र संख्या र मिति :-
च.नं.:- २२५

योजना तथा विकास सहायता समन्वय महाशाखा
दर्ता नं.:- 9036
मिति:- 3123
समय:-

सिंहदरबार,
काठमाडौं, नेपाल
मिति : २०७५/०९/१६

विषय : भूकम्प सुरक्षा दिवस, २०७५ मनाउने सम्बन्धमा ।

दर्ता नं.:- 99५६८
मिति:- ०६२।९।

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार ।

उपरोक्त सम्बन्धमा प्रत्येक वर्ष माघ २ गते भूकम्प सुरक्षा दिवस मनाउदै आएकोमा यस वर्ष पनि २०७५/१०/०२ गते २१ औं भूकम्प सुरक्षा दिवस, २०७५ "विपदबाट सुरक्षित हुने नागरिक अधिकार; पुरा गर्न जिम्मेवार संघ, प्रदेश र स्थानीय सरकार" भन्ने नारा सहित विभिन्न कार्यक्रमहरु राखी प्रमुख जिल्ला अधिकारीको समन्वयमा सबै जिल्लामा भूकम्प सुरक्षा दिवस भव्यताका साथ मनाउनका लागि सबै जिल्लाका जिल्ला समन्वय समितिलाई पत्राचार गरिदिनुहुन बैठकको निर्णयको छाँयाप्रति पाना १(एक) यसैसाथ संलग्न गरी पठाईएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

कविता शर्मा
शाखा अधिकृत

श्री वातावरण शाखा
5123

नेपाल सरकार
गृह मन्त्रालय

भूकम्प सुरक्षा दिवस, मूल समारोह समितिको मिति २०७५ पौष १३ गतेको बैठकका निर्णयहरु :

१. यस वर्षको भूकम्प सुरक्षा दिवसका लागि यसै साथ संलग्न भूकम्प सुरक्षा दिवसको 'मुल समारोहको कार्यकम' पारित गर्ने ।

२. यस वर्षको भूकम्प सुरक्षा दिवसको नारा "विपदबाट सुरक्षित हुने नागरिक अधिकार; पुरा गर्न जिम्मेवार संघ, प्रदेश र स्थानीय सरकार" रहने तय गरियो ।

३. भूकम्प सुरक्षा दिवस, २०७५ मूल समारोहको कार्यक्रम ललितपुर महानगरपालिका स्थित नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको अडिटोरियम (बृहस्पती सदन) जावलाखेल, ललितपुर मा आयोजना गर्ने ।

४. भूकम्प सुरक्षा दिवस, २०७५ मूल समारोहको कार्यक्रमको प्रमुख आतिथ्यताका लागि सम्माननीय प्रधानमन्त्रीज्यू लाई र मूल समारोहको कार्यक्रममा सभापतिको रुपमा माननीय गृह मन्त्रीज्युलाई अनुरोध गर्ने साथै अतिथिका रुपमा माननीय उपप्रधानमन्त्री तथा मन्त्रीज्यूहरुलाई समेत आमन्त्रण गर्ने ।

५. भूकम्प सुरक्षा दिवस, २०७५ "विपदबाट सुरक्षित हुने नागरिक अधिकार; पुरा गर्न जिम्मेवार संघ, प्रदेश र स्थानीय सरकार" भन्ने नारा सहित विभिन्न कार्यक्रमहरु राखी प्रमुख जिल्ला अधिकारीको समन्वयमा सबै जिल्लामा भूकम्प सुरक्षा दिवस भव्यताका साथ मनाउनका लागि सबै जिल्लाका जिल्ला समन्वय समितिलाई पत्राचार गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गर्ने ।

६. भूकम्प सुरक्षा दिवस मार्गदर्शन, २०७१ को व्यवस्था बमोजिम गठित ललितपुर महानगरपालिकाका प्रमुखको संयोजकत्वको व्यवस्थापन उप-समिति र सहरी विकास तथा भवन निर्माण विभागको महानिर्देशकको संयोजकत्वको प्रचार-प्रसार उप-समितिले उक्त मार्गदर्शन बमोजिमको निर्दिष्ट कार्य प्रारम्भ गर्ने ।

७. २१ औं भूकम्प सुरक्षा दिवसको नारा सहितको पोष्टर मुलुकभरका निजी, सामुदायिक तथा सरकारी विद्यालयहरुमा पठाई विभिन्न शैक्षिक एवम् चेतनामूलक कार्यक्रमका साथै प्याब्सन, एनप्याब्सन लगायतको समन्वयमा शिक्षक विधार्थीहरुको सहभागिताका साथ भूकम्प सुरक्षा दिवस,२०७५ मनाउने व्यवस्था गर्नका लागि शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालयलाई अनुरोध गर्ने ।

८. प्रदेश स्तरमा विभिन्न कार्यक्रमहरु सहित २१औं भूकम्प सुरक्षा दिवस मनाउन सबै प्रदेश सरकारहरुलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत पत्राचार गर्नका लागि अनुरोध गर्ने ।

९. जिल्ला प्रशासन कार्यालयहरुलाई भूकम्प सुरक्षा दिवस मार्गदर्शन, २०७१ बमोजिम भूकम्प सुरक्षा दिवस, २०७५ मनाउनको लागि गृह मन्त्रालयबाट परिपत्र गर्ने । सोको लागि सबै जिल्लाहरुमा कार्यक्रम गर्न रु.१५,०००।- (अक्षरुपी रु. पन्ध्र हजार) रकम उपलब्ध गराउने ।

१०. भूकम्प सुरक्षा दिवस, २०७५ का विभिन्न कृयाकलापहरु गर्नका लागि गृह मन्त्रालयबाट विगतका वर्षहरुमा जस्तै रु. ३,००,०००/- (अक्षरुपी रु. तीन लाख ) आर्थिक सहयोग भूकम्प सुरक्षा दिवस मूल समारोह समितिको सदस्य-सचिव भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाललाई उपलब्ध गराउने ।

११. विगतका वर्षहरुमा जस्तै विभिन्न कार्यक्रमहरुमा सहभागिता जनाई २१ औं भूकम्प सुरक्षा दिवस, २०७५ भव्यताका साथ मनाउन नागरिक समाज, संयुक्त राष्ट्रसंघीय निकायहरु, राष्ट्रिय/अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरु र सामुदायिक संस्थाहरुलाई आव्हान गर्ने ।

१२.भूकम्प सुरक्षा दिवस मनाउन राष्ट्रिय कार्यक्रम तथा मूल समारोहमा सक्रिय सहभागिता तथा आर्थिक सहयोगका लागि साझेदार संस्थाहरुलाई अनुरोध गर्ने निर्णय गरियो ।

१३. भूकम्प सुरक्षा दिवस मार्गदर्शन, २०७१ मा समसामयिक परिमार्जन गरी भूकम्प सुरक्षा दिवस मार्गदर्शन, २०७१ (प्रथम संसोधन, २०७५) पारित गर्ने निर्णय गरियो ।